वर्ष २०७८
YEAR 2021/22

नयाँ वर्षको हार्दिक मंगलमय

शुभकामना

समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

सौजन्य:

लक्ष्मी बैंक

लक्ष्मी दिदीका बाह्र सुझावहरू

१. वित्तीय ज्ञान बढाऔ, वित्तीय साक्षर बनौ ।

२. कर्जा लिदा बैक तथा वित्तीय संस्थाबाट लिऔ ।

३. मोबाइलको प्रयोगबाट पनि बैकिङ्ग कारोबार गर्न सकिन्छ । यसले समय र पैसाको बचत गर्दछ ।

४. भुक्तानी गर्दा QR को प्रयोग गरौ, नगद कारोबार घटाऔ ।

५. बैक तथा वित्तीय संस्थाबाट सहुलियतपूर्ण कर्जा लिई व्यवसाय गरौ ।

६. सहुलियत कर्जाको सदुपयोग गरौ, समयमै कर्जा तिर्ने गरौ।

७. सहुलियत कर्जा बारे आफू बुझौ र अरूलाई पनि बुझाऔ ।

८. अफ्नै गाउँठाउँमा व्यवसाय गरी स्वाबलम्बी बनौ ।

९. नोट सधै सफा र हिफाजसँग प्रयोग गरौ, नोटको आयू लम्ब्याऔ ।

१०. बालीनाली पशुपन्छीको बीमा गरौ, कम शुल्कमा जोखिम घटाऔ ।

११. चेकबुक/ATM को PIN/ Password कसैलाई नदिऔ, सुरक्षित रूपमा कारोबार गरौ ।

१२. बैक सम्बन्धी जानकारी लिऔ, कुनै गुनासो भए बैकको गुनासो सुनुवाई ईकाइमा सम्पर्क गरौ ।

सौजन्य:

लक्ष्मी बैंक

वित्तीय साक्षरताको परिचय

वित्तीय साक्षरता भनेको आफ्नो आम्दानी तथा खर्चको समुचित व्यवस्थापन गर्न आवश्यक पर्ने ज्ञान र सीप हो । यसको ज्ञानले परिवारको आर्थिक व्यवस्थापन गर्न मद्दत पुग्दछ ।

हरेक वर्षको पहिलो महिनामा भविष्यमा हुनसक्ने आम्दानीका स्रोतहरू तथा खर्चहरूको अनुमान गरी बजेट बनाउनु राम्रो हो । तर बजेट बनाउँदा आफ्नो आम्दानीबाट कति बचत गर्ने पहिले नै छुट्याई बाँकी रकमबाट खर्च गर्नेगरी बजेट बनाउनु राम्रो हुन्छ । बजेट बनाउने पहिलो मन्त्र आम्दानी – बचत = खर्च (आम्दानीबाट पहिले नै बचतका लागि छुट्याउने गरौं)

ध्यानदिनु पर्ने अन्य कुराहरू:

- परिवारका सबै सदस्यहरूसँगै बसेर, सल्लाह गरेर बजेट बनाऔं जसले गर्दा परिवारको आम्दानीको स्रोत र खर्चको प्राथमिकता छुट्याउन सहयोग पुग्दछ ।
- खर्चको कुरा गर्दा परिवारलाई नभई नहुने कुराहरू र कामहरूलाई पहिलो प्राथमिकता दिने गरौं । जस्तै- खानपिन, शिक्षा, स्वास्थ्य र ऋणको साँवा, ब्याज तिर्ने आदि ।
- बजेट बनाइसकेपछि बेला बेलामा बजेट अनुसार आम्दानी र खर्च भए नभएको ख्याल गर्ने गरौं ।
- परिवारको सबै सदस्यहरूले वित्तीय ज्ञान लिने गरौं यसले परिवारको आर्थिक समृद्धिमा मद्दत पुग्दछ ।

लक्ष्मी दिदी भन्नुहुन्छ ...

बैंक तथा वित्तीय संस्थाले वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमलाई व्यापक बनाएका छन् । यसले वित्तीय ज्ञान प्रति विशेषगरि विधालय तथा कलेजका विधार्थीहरूमा चासो बढाएको छ । गाउँ तथा दुर्गम ठाउँमा भएको वित्तीय साक्षरता अभियानले व्यक्ति, परिवार र समाजलाई फाइदा पुगेको छ । त्यसकारण वित्तीय साक्षरताको अभियानलाई सहयोग गरी वित्तीय ज्ञान बढाऔं ।

वैशाख २०७८ — Apr/May 2021

आइत SUN	सोम MON	मंगल TUE	बुध WED	बिही THU	शुक्र FRI	शनि SAT
			१ द्वितीया 14	२ तृतीया 15	३ चतुर्थी 16	४ पञ्चमी 17
५ षष्ठी 18	६ सप्तमी 19	७ अष्टमी 20	८ नवमी 21	९ दशमी 22	१० एकादशी 23	११ द्वादशी 24
१२ त्रयोदशी 25	१३ चतुर्दशी 26	१४ पूर्णिमा 27	१५ प्रतिपदा 28	१६ तृतीया 29	१७ चतुर्थी 30	१८ पञ्चमी 1
१९ षष्ठी 2	२० सप्तमी 3	२१ अष्टमी 4	२२ नवमी 5	२३ दशमी 6	२४ एकादशी 7	२५ द्वादशी 8
२६ त्रयोदशी 9	२७ चतुर्दशी 10	२८ औंशी 11	२९ प्रतिपदा 12	३० द्वितीया 13	३१ तृतीया 14	

१ - नववर्ष, ७ - चैते दशैं, ८ - राम नवमी, ११ - लोकतन्त्र दिवस, १८ - श्रमिक दिवस, २८ - मातातीर्थ औंशी (आमाको मुख हेर्ने दिन)

समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

सौजन्य:

लक्ष्मी बैंक

कर्जाको बारेमा जानीराखौ ।

कुनै पनि कार्यका लगि आफ्नो आय वा बचतले नपुगेर निश्चित अवधिका लागि बैंक तथा वित्तीय संस्थाबाट ब्याज वा किस्ता तिर्ने गरी लिईने रकम नै कर्जा हो । सकेसम्म साथीभाइ वा छरछिमेकसँग सापटी लिनु नै बेस हुन्छ किनकी यसरी लिंदा ब्याज धेरै कम पर्छ ।

कर्जा किन लिने त?

- आम्दानी बढाउनको लागि उद्योग स्थापना गर्न तथा व्यसाय गर्न आफुसँग भएको पुजीँले मात्र नपुगेर ।
- सम्पत्ति जोड्न
- भैपरी आउने समस्या टार्न

ऋण लिँदा बैंकले हेर्ने कुराहरु

- कर्जाको उद्देश्य बैंकलाई ठीक लागेमा
- सावाँ/ब्याज तिर्न पर्याप्त आम्दानी भएमा
- धितो राख्ने सम्पत्ति भएमा तथा आवश्यक कागजात उपलब्ध गराएमा

कुनै योजना विना वा सामान्य उपभोगका लागि कर्जालिनु उचित होइन । जे उद्देश्यको लागि कर्जा लिएको हो त्यसैमा प्रयोग गर्नुपर्छ । कर्जा लिनु अघि कर्जा सम्बन्धी नियम, कर्जाको ब्याजदर, कर्जा बुझाउने तरिका, शर्तहरू राम्ररी बुझेर मात्र लिनुपर्छ ।

लक्ष्मी दिदी भन्नुहुन्छ ...

३ बर्ष अघि साउदीबाट सँगै नेपाल फर्केका दमन कट्टेल र सुरज चौधरी अब घरमै बसी केही उद्यम गरौ भनेर आफ्नो जग्गा धितो राखी बैंकबाट कर्जा लिए । आफ्नो व्यवसायको आम्दानीबाट सुरजले बैंकको किस्ता हरेक महिना नछुटाइकन तिर्थे भने दमनले चाँही केही महिनामै किस्ता तिर्न नसक्ने भए किनभने उनले बैंकबाट लिएको कर्जा आफ्नो ब्यवसायमा भन्दा पनि अरु नै काममा लगाएका थिए । फलस्वरुप लिएको कर्जा दुरूपयोग गरी समयमै पैसा नतिरेपछि बैंकले दमनलाई कालो सूचीमा राखी कर्जा असुल्न थाल्यो । तसर्थ, कर्जाको रकम जुन प्रयोजनको लागि लिएको हो त्यसैमा प्रयोग गरौ र समयमै कर्जा तिर्ने गरौ ।

जेष्ठ २०७८ — May/Jun 2021

आइत SUN	सोम MON	मंगल TUE	बुध WED	बिही THU	शुक्र FRI	शनि SAT
३० तृतीया 13	३१ चतुर्थी 14					१ तृतीया 15
२ चतुर्थी 16	३ पञ्चमी 17	४ षष्ठी 18	५ सप्तमी 19	६ अष्टमी 20	७ नवमी 21	८ एकादशी 22
९ द्वादशी 23	१० त्रयोदशी 24	११ चतुर्दशी 25	१२ पूर्णिमा 26	१३ प्रतिपदा 27	१४ द्वितीया 28	१५ तृतीया 29
१६ चतुर्थी 30	१७ पञ्चमी 31	१८ षष्ठी 1	१९ सप्तमी 2	२० अष्टमी 3	२१ नवमी 4	२२ दशमी 5
२३ एकादशी 6	२४ द्वादशी 7	२५ त्रयोदशी 8	२६ चतुर्दशी 9	२७ औंशी 10	२८ प्रतिपदा 11	२९ द्वितीया 12

१२ - बुद्ध जयन्ती, उभौली पर्व, १५ - गणतन्त्र दिवस, २१ - भेदभाव उन्मूलन दिवस

समृद्धिको अभियान, लक्ष्य, वित्तीय ज्ञान

सौजन्य:

लक्ष्मी बैंक

मोबाईल मनिको बारे बुझौ र प्रयोग गरौ ।

मोबाईलमा विभिन्न किसिमको एप्लीकेसनहरु प्रयोग गरी बैकिङ्ग सेवाहरु लिन सकिन्छ ।

- मोबाईल मनि भन्नाले बैंकले आफ्ना ग्राहकको खातालाई मोबाईल एपको माध्यमबाट बिभिन्न प्रकारको कारोबार गर्नका लागि उपलब्ध गराएको एक सुरक्षित बिद्युतीय माध्यम हो ।
- प्रबिधिको बिकाससँगै मोबाईल मनिबाट विभिन्न किसिमको बैंकिङ्ग कारोबार जस्तै :- पैसा पठाउन, एटीएम (ATM) बाट पैसा निकाल्न, बिजुली तथा टेलिफोन, मोबाईलको बिल, स्कुलको फि लगायतका अन्य धेरै प्रकारका भुक्तानी गर्न सकिन्छ ।
- मोबाईल मनिको प्रयोग गर्नको लागि आफ्नो बैंकको शाखा अथवा आफैले ईन्टरनेटको मद्दतबाट स्वयम् रजिष्टर गरी प्रयोग गर्न सकिन्छ ।
- मोबाईल मनिको प्रयोग गर्दा सीमा लाग्ने शुल्क तथा कारोबारको सीमा बारेमा जानकारी लिनु पर्दछ ।
- मोबाईल मनिको प्रयोग गर्दा आफूलाई प्राप्त हुने ओ.टि.पि. (OTP) सधै गोप्य राख्नु पर्दछ र कसैले मागेमा दिनु हुदैन ।
- मोबाईल मनि जुनसुकै समय र ठाउँबाट सजिलैसँग इन्टरनेटको प्रयोग गरीगर्न सकिने हुनाले यो धेरै उपयोगी छ ।

लक्ष्मी दिदी भन्नुहुन्छ ....

सप्तरी घर भएका जागेश्वर गुप्ता अहिले काठमाडौंको एउटा विद्यालयमा कक्षा ८ मा अध्ययन गर्दैछन् । उनी स्कुलको होस्टल मै बस्दछन् । स्कुलले लुम्बिनी भ्रमणको कार्यक्रम बनायो, अनि प्रत्येक विद्यार्थीसँग रू. ४५०० उठाउने निर्णय गर्‍यो । होस्टल मै बस्ने जागेश्वरसँग केवल रू. २००० जति मात्र रहेछ, अनी पैसा पनि स्कुललाई २ दिन भित्रै नबुझाए त्यस भ्रमणमा भाग लिन नपाउने भएकोले चिन्तित भएर उसले आफ्नो बाबुलाई फोन गरे । जागेश्वरका बाबुले उता गाउँबाटै मोबाइल बैंकिङ्ग मार्फत स्कुलको खातामा तुरुन्तै रू. ४५०० नै जम्मा गराइदिए र छोरासँग भएको पैसा पकेट खर्च गर्न भने । अहिले जागेश्वर सो भ्रमणबाट फर्किएर भ्रमणको अनुभव आफ्नो डायरीमा लेख्दैछन् । मोबाईल बैंकिङ्गले अहिले पैसा पठाउन र पाउन निकै सहज बनाएको छ ।

आषाढ २०७८ — Jun/Jul 2021

आइत SUN	सोम MON	मंगल TUE	बुध WED	बिही THU	शुक्र FRI	शनि SAT
		१ पञ्चमी 15	२ षष्ठी 16	३ सप्तमी 17	४ अष्टमी 18	५ नवमी 19
६ दशमी 20	७ एकादशी 21	८ द्वादशी 22	९ चतुर्दशी 23	१० पूर्णिमा 24	११ प्रतिपदा 25	१२ द्वितीया 26
१३ तृतीया 27	१४ चतुर्थी 28	१५ पञ्चमी 29	१६ षष्ठी 30	१७ सप्तमी 1	१८ अष्टमी 2	१९ नवमी 3
२० दशमी 4	२१ एकादशी 5	२२ द्वादशी 6	२३ त्रयोदशी 7	२४ चतुर्दशी 8	२५ औंशी 9	२६ औंशी 10
२७ प्रतिपदा 11	२८ द्वितीया 12	२९ तृतीया 13	३० चतुर्थी 14	३१ पञ्चमी 15		

१५ - दही चिउरा खाने दिन, २९ - भानु जयन्ती

समृद्धिको अभियान, लक्ष्य, वित्तीय ज्ञान

सौजन्य:

लक्ष्मी बैंक

QR (Quick Response) को प्रयोग गरी भुक्तानी गर्ने बानी बसाऔं ।

भुक्तानीको विभिन्न माध्यमहरू छन् जसमध्ये अहिले साह्रै प्रचलनमा आएको QR (Quick Response) भुक्तानीको एउटा सजिलो विद्युतीय माध्यम हो ।

- कुनै पनि मर्चेन्ट (सामान तथा सेवा बिक्रेता) ले कुनै पनि बैंकमा खाता खोली QR को लागि रजिष्ट्रेशन गरी एउटा QR Code लिएको हुन्छ ।
- यस्तो QR Code सबैको लागि फरक फरक तथ्याङ्कहरू कोड गरी उपलब्ध गराउने भएकोले यो कसैसँग मेल खाँदैन ।
- भुक्तानी गर्दा आफ्नो मोबाईल मनि एप वा वालेटको प्रयोग गरी स्क्यान गरी आफ्नो पिन वा औंठाको छाप प्रयोग गरी कारोबारलाई पुष्टी गरी कारोबार गर्न सकिन्छ । यसरी कारोबार गरेपछि आफ्नो खाताको पैसा भुक्तानी प्राप्त गर्नेको खातामा विद्युतीय माध्यमबाट ट्रान्सफर हुन्छ ।
- QR Code प्रयोग गर्नका लागि प्रयोगकर्ताको मोबाईलमा ईन्टरनेट हुनुपर्छ ।
- QR मर्चेन्टहरूले आफ्नो सेवा तथा बस्तु बिक्री बापतको भुक्तानी प्राप्त गर्न आफ्नो पसल तथा ब्यापार केन्द्रमा ग्राहकहरूले देख्ने गरी राखिएको हुन्छ ।
- QRCode प्रयोग गरी नगदमा कारोबार गर्ने बानी कम गरौं ।

लक्ष्मी दिदी भन्नुहुन्छ ....

गोरखा मनकामना मन्दिर नजिकै खाना/खाजा खाने होटल संचालन गर्ने कुन्ती राईको होटलमा ग्राहकको राम्रै लाईन लाग्ने गर्छ । केही समय अघि ग्राहकले खाना खाएपछि पैसा तिर्न लाग्दा तपाईकोमा QR छैन भनेर सोध्ने गर्थे । यो कुरा आजकाल पैसा तिर्न लाग्दा कुनै पनि पसलमा प्रायः ग्राहकले सोध्ने प्रश्न हो । शहर बजार सर्वेतिर भुक्तानीमा प्रयोग भईरहेको QR ले ग्राहक र व्यापारी दबैलाई सजिलो हुने देखेपछि कुन्तीले पनि आफूले कारोबार गर्ने बैंकबाट QR लिएकी छिन् । यसले उनलाई र उनको ग्राहकलाई सजिलो भएको छ । आजकाल कुन्तीको पसलमा खाना खाए पछि धेरैले QR बाट नै भुक्तानी गर्ने गर्छन् ।

श्रावण २०७८ — Jul/Aug 2021

आइत SUN	सोम MON	मंगल TUE	बुध WED	बिही THU	शुक्र FRI	शनि SAT
३१ सप्तमी 15	३२ अष्टमी 16				१ सप्तमी 16	२ अष्टमी 17
३ नवमी 18	४ दशमी 19	५ एकादशी 20	६ द्वादशी 21	७ त्रयोदशी 22	८ चतुर्दशी 23	९ पूर्णिमा 24
१० प्रतिपदा 25	११ तृतीया 26	१२ चतुर्थी 27	१३ पञ्चमी 28	१४ षष्ठी 29	१५ षष्ठी 30	१६ सप्तमी 31
१७ अष्टमी 1	१८ नवमी 2	१९ दशमी 3	२० एकादशी 4	२१ द्वादशी 5	२२ त्रयोदशी 6	२३ चतुर्दशी 7
२४ औंशी 8	२५ प्रतिपदा 9	२६ द्वितीया 10	२७ तृतीया 11	२८ चतुर्थी 12	२९ पञ्चमी 13	३० षष्ठी 14

९ - गुरु पूर्णिमा, १५ - खीर खाने दिन, २९ - नागपञ्चमी

समृद्धिको अभियान, लक्ष्य, वित्तीय ज्ञान

सौजन्य:

लक्ष्मी बैंक

सहुलियत कर्जाको बारे बुझौं

विभिन्न व्यवसाय प्रवर्द्धन गर्न, देशमा रोजगारी बढाउँन, महिला उद्यमशीलतालाई प्रोत्साहन दिन, दलित समुदायको परम्परागत पेशाको प्रवर्द्धन गर्न, उच्च र प्राविधिक तथा व्यवसायिक तालिम/शिक्षा अध्ययन गर्न तथा भूकम्प पीडितको आवास निर्माण गर्नका लागि नेपाल सरकारले ब्याज अनुदान सहितको सहुलियतपूर्ण कर्जाको कार्यक्रम ल्याएको छ ।

- यस्तो कर्जामा देशका क, ख, र ग वर्गका बैंकहरूवाट ५ बर्षको लागि ब्याज अनुदान प्राप्त हुन्छ ।
- कर्जाको ब्याज बाहेक अरू कुनै प्रकारको सेवा शुल्क तिर्नु पर्दैन ।
- यी कर्जाहरू उपलब्ध गर्न ऋणीले स्थायी लेख नं PAN Certificate अनिवार्य रुपमा लिएको हुनुपर्छ।

अब यी विभिन्न किसिमका सहुलियत कर्जा बारे संक्षिप्त जानकारी लिऔं

१. व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा :

- व्यावसायिक रूपमा गरिएका तरकारी खेती, बिउ उत्पादन, कुखुरा पालन, पशुपालन, माछापालन, मौरीपालन, डेरी आदि जस्ता कृषि तथा पशुपन्छिजन्य व्यवसायका लागि ।
- व्यक्तिगत रुपमा रू. १० लाख सम्म कर्जा प्राप्त गर्न सकिने
- व्यावसायिक संस्थाको लागि कर्जा रकम रू. पाँच करोडसम्म र विशेष स्वीकृति लिएर रू.१० करोड सम्म, ब्याज अनुदान ५ प्रतिशत ।

२. शिक्षित युवा स्वरोजगार कर्जाः

- कम्तीमा स्नातक तह उत्तीर्ण र ४० बर्ष ननाघेका युवाहरूलाई कृषि, पशुपालन, सिंचाई लगायत अन्य व्यवसाय संचालन गर्नका लागि । होटल रेस्टुरेन्ट जस्ता पर्यटन
- व्यवसाय, पसल सञ्चालन, गाडीको मर्मत गर्ने जस्ता सेवामुलक व्यवसायका लागि ।
- कर्जा रकम रू. ७ लाखसम्म, ब्याज अनुदान ५ प्रतिशत ।

लक्ष्मी दिदी भन्नुहुन्छ ....

"विलास मत्स्य फार्म को नाममा माछापालन गर्दै आएका कछोरवा २, बाराका राम विलास यादवले नजिकैको बैंकबाट रू. २० लाखको ब्याज अनुदान सहितको कृषि कर्जा लिएर थप दुई बिघामा पोखरी खनेर माछाका भूराहरू थपी माछापालनलाई बिस्तार गरे। नयाँ पोखरी बनाएसँगै माछाको उत्पादन बढेको छ भने उनको आम्दानी पनि वृद्धि भएको छ । माछापालनको कमाइबाट नै उनले छोरालाई चितवनको कृषि तथा बन विश्वविद्यालयमा उच्च शिक्षा पढाउँदै छन् । छोराले पनि पढाइ सकेर बुवाको कृषि पेशालाई विस्तार गर्ने सोच बनाएका छन् ।

भाद्र २०७८ — Aug/Sep 2021

आइत SUN	सोम MON	मंगल TUE	बुध WED	बिही THU	शुक्र FRI	शनि SAT
		१ दशमी 17	२ एकादशी 18	३ द्वादशी 19	४ त्रयोदशी 20	५ चतुर्दशी 21
६ पूर्णिमा 22	७ प्रतिपदा 23	८ द्वितीया 24	९ तृतीया 25	१० चतुर्थी 26	११ पञ्चमी 27	१२ षष्ठी 28
१३ सप्तमी 29	१४ अष्टमी 30	१५ नवमी 31	१६ दशमी 1	१७ एकादशी 2	१८ द्वादशी 3	१९ द्वादशी 4
२० त्रयोदशी 5	२१ चतुर्दशी 6	२२ औंशी 7	२३ द्वितीया 8	२४ तृतीया 9	२५ चतुर्थी 10	२६ पञ्चमी 11
२७ षष्ठी 12	२८ सप्तमी 13	२९ अष्टमी 14	३० नवमी 15	३१ दशमी 16		

६ - जनैपूर्णिमा/रक्षाबन्धन, ७ - गाईजात्रा (उपत्यका बिदा), १४ - श्रीकृष्ण जन्माष्टमी, गौरा पर्व , २२ - कुशे औंशी (बुवाको मुख हेर्ने दिन) निजामती सेवा दिवस, २४ - हरितालिका तीज (महिला बिदा), २५ - गणेश चतुर्थी, २६- ऋषिपञ्चमी, २९ - बाल दिवस, महालक्ष्मी ब्रत आरम्भ

समृद्धिको अभियान, लक्ष्य, वित्तीय ज्ञान

सौजन्यः

लक्ष्मी बैंक

सहुलियत कर्जाको सदुपयोग गरौं ।

सहुलियत कर्जामा सरकारले ब्याज अनुदान दिने हुँदा यस्तो कर्जा समयमा नै तिर्नुपर्छ ।
समयमा नै कर्जा नतिर्दा जरिवाना लाग्नुका साथै ब्याज अनुदान समेत पाइदैन ।

अन्य सहुलियत कर्जाहरू.....

३. विदेशबाट फर्केका युवा परियोजना कर्जा :

- कम्तीमा ६ महिना विदेशमा काम गरेर स्वदेश फर्केका युवाहरूका लागि विभिन्न किसिमका व्यवसाय सञ्चालन गर्न । घरजग्गाको नक्सा तयार गर्ने, मूल्याङ्कन गर्ने, सिकर्मी र डकर्मीको सेवा, कानुनी लगायत अन्य परामर्श सेवा पनि यस कर्जाका लागि योग्य छन्।
- कर्जा रकम रू. १० लाखसम्म, ब्याज अनुदान ५ प्रतिशत ।

४. महिला उद्यमशील कर्जा :

- महिलालाई व्यक्तिगत वा सामूहिक रूपमा उद्यमशील बनाउनका लागि ।
- सिलाइ, बुनाइ, केश श्रृंगार, गहना तयार गर्ने, चित्रकला, कागजबाट बनेका समान तयार गर्ने, धुप बनाउने, पुतली /खेलौना बनाउने जस्ता व्यवसायका लागि यो कर्जा लिन सकिन्छ ।
- कर्जा रकम रू. १० लाखसम्म र विशेष स्वीकृती लिएर रू. १५ लाखसम्म, ब्याज अनुदान ६ प्रतिशत ।

५. दलित समुदाय व्यवसाय विकास कर्जा :

- परम्परागत रुपमा बजाउने बाजाको निर्माण र खरिद, सिलाइ कटाइ, जुत्ता बनाउन, फलाम र कोइलाबाट वस्तु बनाउन, परम्परागत भाँडाकुँडा बनाउन आदि जस्ता परम्परागत पेशालाई आधुनिकीकरण गर्न सम्बन्धित निकायले दलित भनी सिफारिश गरेको जनजातीलाई एकल वा सामुहिक रुपमा दिइने कर्जा
- कर्जा रकम रू.१० लाख सम्म, ब्याज अनुदान ५ प्रतिशत ।

लक्ष्मी दिदी भन्नुहुन्छ ....

२०७६ साल फागुनमा कतारबाट विदामा नेपाल आएका बुटवलका रामकुमार श्रेष्ठ चैत्रदेखी शुरुभएको कोरोना र लकडाउनले फेरि विदेश जान पाएनन् । कतारको सपिङ मलमा काम गरेका उनले श्रीमतीका नाममा एउटा फर्म दर्ता गरी दबै मिलेर किराना पसल चलाएका छन् । आफूसँग भएको पैसाले मात्र नपुगी नजिकैको एक बैंकबाट महिला उद्यमी कर्जा सहुलियत ब्याजदरमा पनि लिएका छन् । उनको व्यापार ठिकै चलेको छ, तर उनी भने अब विदेश नजाने र यही व्यवसायलाई विस्तारै बढाउने सोचमा छन् । आफूसँग भएको पैसा र बैंकबाट सहुलियत ब्याजदरमा कर्जा लिई आफ्नै गाउँठाउँमा व्यवसाय गर्नै गरौं ।

आश्विन २०७८ — Sep/Oct 2021

आइत SUN	सोम MON	मंगल TUE	बुध WED	बिही THU	शुक्र FRI	शनि SAT
३१ द्वादशी 17					१ एकादशी 17	२ द्वादशी 18
३ चतुर्दशी 19	४ पूर्णिमा 20	५ प्रतिपदा 21	६ द्वितीया 22	७ द्वितीया 23	८ तृतीया 24	९ चतुर्थी 25
१० पञ्चमी 26	११ षष्ठी 27	१२ सप्तमी 28	१३ अष्टमी 29	१४ नवमी 30	१५ दशमी 1	१६ एकादशी 2
१७ द्वादशी 3	१८ त्रयोदशी 4	१९ चतुर्दशी 5	२० औंसी 6	२१ प्रतिपदा 7	२२ द्वितीया 8	२३ तृतीया 9
२४ चतुर्थी 10	२५ पञ्चमी 11	२६ सप्तमी 12	२७ अष्टमी 13	२८ नवमी 14	२९ दशमी 15	३० एकादशी 16

१ - विश्वकर्मा पूजा, ३ - संविधान दिवस/इन्द्रजात्रा (उपत्यका बिदा), ५ - सोहश्राद्ध आरम्भ, १३ - जितीया पर्व (जितीया पर्व मनाउनेलाई बिदा),
२० - सोहश्राद्ध समाप्ति, २१ - घटस्थापना, २६ - फूलपाती, २७ - महाअष्टमी, २८ - महानवमी, २९ - विजया दशमी

समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

सौजन्य:
लक्ष्मी बैंक

सहुलियत कर्जा उपभोग गर्न बैंक तथा वित्तीय संस्था जाऔं ।

सहुलियत कर्जा जे उद्देश्यको लागि लिएको हो त्यो काममा नै प्रयोग गर्नुपर्छ । कर्जाको दुरुपयोग भएमा सरकारले दिने ब्याज अनुदान पाइदैन भने बैंकले सबै कर्जा चुक्ता गरिहाल्न लगाउन सक्दछ ।

६. उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा :

- माध्यमिक शिक्षा वा सो सरह उत्तीर्ण गरेका, २५ बर्ष उमेर ननाघेका विपन्न वर्गको विद्यार्थीका लागि स्वदेशकै कुनै कलेज वा विश्वविद्यालयमा स्वास्थ्य, इन्जिनेरिङ्, पशु/कृषि बिज्ञान जस्ता प्राबिधिक बिषयको स्नातक वा सो भन्दा माथिल्लो तहको पढाइका लागि ।
- कर्जा रकम रू. ५ लाखसम्म, ब्याज अनुदान ५ प्रतिशत ।

७. भूकम्प पीडितहरूको निजी आवास निर्माण कजा

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग सम्झौता गरी आवास निर्माण गर्नको लागि ।
- कर्जा रकम रू. ३ लाखसम्म, ब्याज अनुदान ५ प्रतिशत ।

८. कपडा उद्योग सञ्चालन गर्न कर्जा

- कपडा उद्योग सञ्चालन गर्न लिइएको पुरानो वा नयाँदुबै किसिमका कर्जाका लागि
- कर्जा रकम रू. ५ करोडसम्म, ब्याज अनुदान ५ प्रतिशत

लक्ष्मी दिदी भन्नुहुन्छ ....

दुबईको एउटा रेमिटान्स कम्पनीमा १० बर्षदेखि काम गर्दै आएका भरतपुर ४, चितवनका बाबुराम कडेल, बाबुआमा र श्रीमतीको आग्रहमा ४ बर्ष अघि नेपालमै आएर कामगर्ने निधो गरे । दुबईमा काम गरेको अनुभवका आधारमा उनले रेमिटान्स कम्पनी खोले । कम्पनी ठिकै चले पनि उनका लागि यो पर्याप्त थिएन । बैंकबाट अलिकति कर्जा लिई नजिकै आधुनिक किसिमको ग्रोसरी पसल पनि सञ्चालनमा ल्याए । दुबै व्यसाय ठिकै चलेको छ, उनी दिनभरी नै व्यस्त रहन्छन् । व्यवसायमा श्रीमती र २ जना कर्मचारीको साथ रहेको छ । दुबईमा हुने कमाइ अहिले चितवन मै भएको छ । परिवारसँगै बसेर आम्दानी गर्न पाउदा कडेल परिवार औधी खुशी छन् । चितवनमा बढेको आर्थिक गतिविधिले यस्ता व्यवसायलाई पनि सहयोग पुगेको छ ।

कार्तिक २०७८ — Oct/Nov 2021

आइत SUN	सोम MON	मंगल TUE	बुध WED	बिही THU	शुक्र FRI	शनि SAT
	१ त्रयोदशी 18	२ चतुर्दशी 19	३ पूर्णिमा 20	४ प्रतिपदा 21	५ द्वितीया 22	६ तृतीया 23
७ चतुर्थी 24	८ पञ्चमी 25	९ षष्ठी 26	१० षष्ठी 27	११ सप्तमी 28	१२ अष्टमी 29	१३ नवमी 30
१४ दशमी 31	१५ एकादशी 1	१६ द्वादशी 2	१७ त्रयोदशी 3	१८ औंशी 4	१९ प्रतिपदा 5	२० द्वितीया 6
२१ तृतीया 7	२२ चतुर्थी 8	२३ पञ्चमी 9	२४ षष्ठी 10	२५ सप्तमी 11	२६ अष्टमी 12	२७ नवमी 13
२८ दशमी 14	२९ एकादशी 15	३० द्वादशी 16				

२ - कोजाग्रत पूर्णिमा, १५- रमा एकादशी, १६ - यमपञ्चक आरम्भ, १७ - काग/कुकुर तिहार, १८ - लक्ष्मी पूजा, १९ - म्हः पूजा, (गोवर्धन पूजा), २० - भाइ टिका, २१ - तिहार बिदा, २४ - छठ पर्व, २५ - फाल्गुनानन्द जयन्ती (किराँत धर्मावलम्वीहरुलाई बिदा)

समृद्धिको अभियान, लक्ष्य, वित्तीय ज्ञान

सौजन्य:

लक्ष्मी बैंक

सहुलियत कर्जा उपभोग गरी समयमै ब्याज तिरौ

यी कर्जा चुक्ता नगर्दा आफ्नो राहदानी रोका हुन सक्ने, चल अचल सम्पत्ति बिक्री गर्न बन्देज हुन सक्ने, बैंक खाता रोक्का हुन सक्ने, नेपाल सरकारबाट उपलब्ध हुने सामाजिक सुरक्षा भत्ता लगायत अन्य नागरिक सुबिधाबाट बञ्चित हुन सक्ने हुनाले यी कर्जा लिए पछि नियमित रुपमा कर्जाको भुक्तानी गर्ने गरौं ।

प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिमका लागि कर्जा

- प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको मान्यता प्राप्त संस्थाबाट तालिम लिनका लागि ।
- कर्जा रकम रू. २ लाख सम्म, ब्याज अनुदान ५ प्रतिशत

गएको वर्षमा भर्खरै थपिएको सहुलियत कर्जा:

युवा वर्ग स्वरोजगार कर्जा

- माध्यमिक शिक्षा वा सो सरह उत्तीर्ण गरेका युवालाई उद्यम संचालन गर्नका लागि
- कुनै सरकारी निकायबाट कम्तिमा सात दिनको उद्यम वा व्यवसाय गर्ने सीप विकास र तालिम लिएको
- कर्जा रकम रू. ५ लाख सम्म, ब्याज अनुदान ५ प्रतिशत



लक्ष्मी दिदी भन्नुहुन्छ ...

नीलबाराही भक्तपुर १३ का बासिन्दा नातिकाजी डंगोल र उनकी श्रीमती धनमाया डंगोल निकै उद्यमशील छन् । धनमायाले स्थानीय चमेना गृह सञ्चालन गर्दै आएकी छन् भने नातिकाजीले तरकारी खेती गर्दै आएका छन् । आफ्नो छुट्टा छुट्टै व्यवसायलाई बिस्तार गर्न दम्पत्तिलाई छुट्टा छुटै कर्जा आवश्यक भए पछि नेपाल सरकारको सहुलियतपूर्ण कर्जा लिन दुबैले इच्छा गरे । तर एक घरबाट कुनै एक सदस्यले मात्र सो सहुलियत कर्जा पाउने कुरो थाहा पाएपछि श्रीमान् र श्रीमतीले आपसी छलफल गरे । तरकारी खेतीका लागि बिउ र मल किन्न आवश्यक कर्जा रकम भन्दा चमेना गृहको बिस्तारको लागि बढी कर्जा चाहिने भएपछि बढी कर्जा रकममा ब्याज अनुदान लिंदा फलदायी हुने विचार गरेर धनमायाको नाममा संचालित चमेना गृहको लागि सहुलियत कर्जा लिने निधो गरे । अहिले धनमाया ब्याज अनुदान सहितको "महिला उद्यमशील कर्जा" उपभोग गर्दै आएकी छन् भने नातिकाजी बिना ब्याज अनुदान भए पनि कृषि कर्जा उपभोग गरी व्यवसायलाई अगाडि बढाउदै छन् । दम्पति नै मिलेर काम गर्दा आर्थिक रूपमा परिवारको जीवनयापन साह्रै सजिलो भएको छ ।

मंसिर २०७८ — Nov/Dec 2021

आइत SUN	सोम MON	मंगल TUE	बुध WED	बिही THU	शुक्र FRI	शनि SAT
			१ त्रयोदशी 17	२ चतुर्दशी 18	३ पूर्णिमा 19	४ प्रतिपदा 20
५ द्वितीया 21	६ तृतीया 22	७ चतुर्थी 23	८ पञ्चमी 24	९ षष्ठी 25	१० सप्तमी 26	११ अष्टमी 27
१२ नवमी 28	१३ दशमी 29	१४ एकादशी 30	१५ द्वादशी 1	१६ त्रयोदशी 2	१७ चतुर्दशी 3	१८ औंशी 4
१९ प्रतिपदा 5	२० द्वितीया 6	२१ तृतीया 7	२२ पञ्चमी 8	२३ षष्ठी 9	२४ सप्तमी 10	२५ अष्टमी 11
२६ नवमी 12	२७ दशमी 13	२८ एकादशी 14	२९ द्वादशी 15			

३ - गुरु नानक जयन्ती (शिख धर्म मान्नेलाई बिदा), ४ - विश्व बाल दिवस, १५ - विश्व एड्स दिवस

१७ - अन्तर्राष्ट्रिय अपाङ्गता दिवस (अपाङ्गता भएका कर्मचारीहरका लागि), बाला चतुर्दशी २२ - विवाह पञ्चमी, २४ - विश्व मानव अधिकार दिवस

समृद्धिको अभियान, लक्ष्य, वित्तीय ज्ञान

सौजन्य:
लक्ष्मी बैंक

स्वरोजगार बनौं

आफूसँग भएको पैसा लगानी गरी नाफा गर्ने उद्देश्यले वस्तु उत्पादन तथा बिक्री गर्न वा सेवा प्रदान गर्न, व्यवसायिक फर्म वा कम्पनी दर्ता गर्ने व्यक्ति नै उद्यमी हो । उद्यमीले आफै काम गर्छन् अनि अरुलाई पनि रोजगारी दिने गर्छन् ।

- उद्यमी आफूले गरेको व्यवसायबाट हुने नाफा वा घाटाको लागि तयार हुन्छ तर नयाँ व्यवसाय शुरू गर्नुभन्दा अगाडि व्यवसायिक योजना तयार गरी नाफा हुने कुरामा विश्वास भए पछि मात्र शुरुवात गर्दछ ।
- परीवारसँगको सल्लाह र सहयोग लिनुपर्छ भने गर्न लागेको व्यासाय सम्बन्धी जानकार व्यक्तिको सुझाव समेत लिनुपर्दछ ।
- बजारमा पाईने कच्चा पदार्थ वा आफ्नै वरिपरी पाईने वस्तुको प्रयोग गरी तयारी वस्तु उत्पादन गर्न सकिन्छ । जस्तैः दुधका परिकारहरू, चिया तथा खाजा पसल आदि ।
- आफ्नै घरमा कोठा थपी होमस्टे सञ्चालन गरी सेवा दिन सकिन्छ । त्यसमा खाजा तथा खाना खाने होटल सञ्चालन गर्न सकिन्छ ।
- शीप सिकी आफ्नै ठाउँमा लुगा सिलाउने, कपाल काट्ने, बिजुलीको काम, काठको काम, प्लमविङ्ग आदि गर्न सकिन्छ ।
- आफूले गरेको व्यवसाय विस्तार हुँदै जाँदा काम गर्ने मानिसको आवश्यकता हुन्छ जसले गर्दा बेरोजगारलाई रोजगारी दिन सकिन्छ ।
- व्यवसाय शुरू गर्दा आफ्नो पैसाले मात्र नपुगेमा बैंक तथा वित्तीय संस्थासँग ऋण लिन सकिन्छ । बैंक तथा वित्तीय संस्थाले साना व्यवसायीलाई सहुलियत ब्याजदरमा कर्जाहरू दिने गर्दछ ।

लक्ष्मी दिदी भन्नुहुन्छ ....

बर्मेली टोल, भैरहवाकी रश्मी घिमिरेको जीविकोपार्जन कपडा सिलाइबाट हुँदै आएको छ । दुबईमा काम गर्न गएका श्रीमान् उतै दुर्घटनामा परी मृत्यु भएपछी आफ्नो र आफ्नो ५ बर्षे छोरोको लालनपालन तथा पढाइको जिम्मेवारी उनकै काँधमा छ । सिलाइबाट हुने आम्दानीको केही अंश बचत गरेर हरेक महिना आफ्नो बैंकको बचत खातामा जम्मा गर्ने गर्छिन् । एक बर्ष अघि कोरोनाले गर्दा उनको सिलाइको काम पनि केही महिनाको लागि ठप्प भयो । उनले बर्सौं देखि गर्दै आएको बचतको पैसाले कोरोना जस्तो महामारीको बेलामा पनि घर खर्च धान्न उनलाई त्यती गार्हो भएन । सिलाइको काम अब फेरि शुरु भाईसकेको छ - बचतको महत्व राम्ररी बुझेकी रश्मीले आफ्ना संगीहरुलाई पनि बचत गर्ने सल्लाह दिने गर्छिन् ।

पौष २०७८ — Dec 2021/Jan 2022

आइत SUN	सोम MON	मंगल TUE	बुध WED	बिही THU	शुक्र FRI	शनि SAT
				१ त्रयोदशी 16	२ चतुर्दशी 17	३ चतुर्दशी 18
४ पूर्णिमा 19	५ प्रतिपदा 20	६ द्वितीया 21	७ तृतीया 22	८ चतुर्थी 23	९ पञ्चमी 24	१० षष्ठी 25
११ सप्तमी 26	१२ अष्टमी 27	१३ नवमी 28	१४ दशमी 29	१५ एकादशी 30	१६ द्वादशी 31	१७ चतुर्दशी 1
१८ औंशी 2	१९ प्रतिपदा 3	२० द्वितीया 4	२१ तृतीया 5	२२ चतुर्थी 6	२३ पञ्चमी 7	२४ षष्ठी 8
२५ सप्तमी 9	२६ अष्टमी 10	२७ नवमी 11	२८ दशमी 12	२९ एकादशी 13	३० द्वादशी 14	

४ - योमरी पून्ही, उधौली पर्व, १० - क्रिसमस-डे (इसाई धर्मावलम्वीहरुलाई बिदा), १५ - तमु ल्होसार (ल्होसार मनाउनेहरुलाई बिदा), १७ - सन् २०२२ आरम्भ, २७ - पृथ्वी जयन्ती/एकता दिवस

समृद्धिको अभियान, लक्ष्य, वित्तीय ज्ञान

सौजन्य:

लक्ष्मी बैंक

बीमा भनेको पनि बुझौ न त ।

बीमा भनेको आर्थिक नोक्सानी हुँदा दिइने क्षतिपूर्तिको सुनिश्चितता हो । बीमा गर्दा बीमा गर्ने व्यक्ति र बीमा कम्पनी बीच लिखित सम्झौता हुन्छ र त्यही सम्झौताका आधारमा बीमा कम्पनीले नियमानुसार नोक्सानीको क्षतिपूर्ति दिन्छ ।

- कुनै पनि कारणले क्षति वा नोक्सानी भएमा बीमा कम्पनीबाट वित्तीय रूपमा क्षतिपुर्ती पाइन्छ, जस्तैः आफूले बीमा गरेको साधन दुर्घटनामा परेर बिग्रिए त्यस बापत बीमा कम्पनीले पैसा दिन्छ, वाली नोक्सानी भएमा वा पशुधन मरेमा पनि बीमा कम्पनीले क्षतिपूर्ति दिने गर्दछ ।
- क्षतिपुर्ती पाउनका लागि पहिले नै बीमा कम्पनीसँग नियम अनुसार बीमा गराउनु पर्छ । बीमा पनि विभिन्न प्रकार हुने भएकाले राम्रोसँग बुझेर चाहिने बीमा शुल्क तिर्नु पर्छ तर यो शुल्क बीमा रकम भन्दा एकदमै कम हुन्छ ।
- बीमा विभिन्न किसिमको हुन्छ, जस्तो कुनै बस्तुको बीमा, जीवन बीमा, स्वास्थ्य बीमा, घर, पशुपन्छी, बालीनाली, ट्याक्टर, उपकरण आदी ।
- पशु तथा कृषि बीमामा लाग्ने बीमा शुल्कमा ७५ प्रतिशत शुल्क सरकारले तिरिदिन्छ ।
- बीमा गर्नका लागि हाम्रै गाउँमा भएका बीमा कम्पनीहरूका शाखाहरूमा गएर गर्न सकिन्छ ।

निक्षेप तथा कर्जा सुरक्षण कोष

- सदस्य वित्तीय संस्थाबाट कर्जा लिई खरिद गरेको पशुधनलाई निक्षेप तथा कर्जा सुरक्षण कोषले रू. १,५०,००० सम्मको सुरक्षण गर्दछ ।
- यस्तो सुरक्षण अन्तर्गत पशुधनको मृत्यु भएको प्रमाणित भए सुरक्षण रकमको ८०% र स्थायीरूपले बाँझोपन प्रमाणित भएमा अधिकतम ५०% क्षतिपूर्ति दावी गर्न सकिन्छ।
- यस्तो सुरक्षणका लागि पनि प्रिमियम रकमको जम्मा २५% तिरे पुग्छ । बाँकी ७५% सरकारले व्यहोरिदिन्छ ।

लक्ष्मी दिदी भन्नुहुन्छ ....

काभ्रे खोपासीका नवीन न्यौपानेले स्थानीय उच्च माध्यमिक विद्यालयबाट १२ कक्षा पास गरेपछि अगाडि नपढ्ने निधो गरे । स्थानीयस्तरमा खुलेको एउटा लघुवित्तमा केही बर्ष काम गरेपछि उनलाई जागिर खान पनि मन भएन र गाईपालन र आधुनिक कृषि खेती गर्ने निधो गरे । आफूसँग भएको केही पैसा र आफैले पहिला कामगरेको लघुवित्तबाट कर्जा लिई गाईपालन गर्नथाले । जागिर खादाको अनुभवले सबै गाईको बीमा गरेका उनले पोहर एकै पटक २ बटा गाई बिरामी भई एकाएक मर्दा त्यही बीमाको रकमले पुनः गाई किने र नोक्सान हुनबाट बचे । कामको अनुभव विस्तारै बढेसँगै ब्यवसाय विस्तार गर्ने योजना पनि बढाएका छन् । उनी जोखिमबाट बच्न अलिकति खर्च गरेरै भए पनि बीमा गर्न भने छुटाउदैनन् ।

माघ २०७८ — Jan/Feb 2022

आइत SUN	सोम MON	मंगल TUE	बुध WED	बिही THU	शुक्र FRI	शनि SAT
						१ त्रयोदशी 15
२ चतुर्दशी 16	३ पूर्णिमा 17	४ प्रतिपदा 18	५ द्वितीया 19	६ द्वितीया 20	७ तृतीया 21	८ चतुर्थी 22
९ पञ्चमी 23	१० सप्तमी 24	११ अष्टमी 25	१२ नवमी 26	१३ दशमी 27	१४ एकादशी 28	१५ द्वादशी 29
१६ त्रयोदशी 30	१७ चतुर्दशी 31	१८ औंशी 1	१९ प्रतिपदा 2	२० द्वितीया 3	२१ तृतीया 4	२२ चतुर्थी 5
२३ पञ्चमी 6	२४ षष्ठी 7	२५ सप्तमी 8	२६ अष्टमी 9	२७ नवमी 10	२८ दशमी 11	२९ एकादशी 12

१ - माघीपर्व, ३ - श्रीस्वस्थानी पूर्णिमा, १६ - शहीद दिवस, १९ - सोनाम ल्होसार, २३ - बसन्त पञ्चमी (सरस्वती जयन्ती)

समृद्धिको अभियान, लक्ष्य, वित्तीय ज्ञान

सौजन्य:
लक्ष्मी बैंक

सुरक्षित रुपमा कारोबार गरौं ।

बैंक तथा वित्तीय संस्थासँगको कारोबारले हाम्रो दैनिक आर्थिक क्रियाकलापलाई सहज बनाएको छ । व्यवसाय गर्न र बचत गर्न हाम्रो पहुच पुगेको छ । तर, कारोबार गर्दा सदैव सचेत र सजग रहनु पर्दछ ।

निम्नलिखित कुराहरूमा सदैव सचेत रहने गरौं ।

- आफ्नो खाताको चेकबुक सधै सुरक्षित साथ राखौं । खाली चेकमा हस्ताक्षर मात्र गरी कसैलाई नदिऔं ।
- खातामा पैसा नभई चेक नकाटौं । खातामा पैसा नभई चेक काट्नु गैरकानुनी काम हो, चेक काट्नु अघि ध्यान दिऔं ।
- आफ्नो एटीएम कार्ड सुरक्षित साथ राखौं । अरूलाई यसको पिन (पासवर्ड) कहिल्यै नबताऔं ।
- आफूसँग भएको पैसा बैंकमा जम्मा गरौं । पैसा जम्मा गरे पछि प्रमाण स्वरूप जम्मा गरेको भौचर साथमा राखौं ।
- कसैले चिट्ठा पर्‍यो, चिट्ठा वापतको रकम प्राप्त गर्न कसैको खातामा पैसा जम्मा गरिदिनु भनेर फोन गरेमा, म्यासेज गरेमा, भाइवर वा अन्य कुनै माध्यममा कसैले भनेमा त्यस्तो कुराको विश्वास मानी कसैलाई पैसा पठाउनु हुदैन । त्यो प्रलोभनमा पारी ठग्ने काम हो भनेर बुझ्नुपर्छ ।
- विदेशमा रहेका आफन्तलाई सदैव बैंक वा रेमिटान्स कम्पनीबाट मात्र पैसा पठाउन भनौं । हुन्डीबाट कारोवार गर्नु गैरकानुनी काम हो, पैसा नपाउने जोखिम समेत हुन्छ । विदेशमा रहेका आफन्तलाई समयमा नै सचेत गराऔं ।
- व्यवसाय तथा अन्य कामको लागि कर्जा चाँहिदा बैंक तथा वित्तीय संस्थामा सम्पर्क गरौं । व्यक्तिसँग चर्को ब्याजदरमा कर्जा लिने नगरौं । बैंकबाट कर्जा लिँदा त्यसको शर्तहरू राम्ररी अध्ययन गरौं, नबुझेको कुरा बुझेर मात्र कर्जा लिने गरौं ।
- ढुकुटीको कारोबार गैर कानुनी हो । यसले कसैलाई फाइदा हुदैन । बेलैमा यो कुरा बुझौं र आफ्नो मेहेनतको कमाइ बैंक तथा वितीय संस्थामा बचत गर्ने गरौं ।
- नोटको जतन गरौं । नोटमा केरमेट गर्ने, लेख्ने, रंग वा फोहर लगाउनु हुदैन । त्यसो गरेमा कानूनी कारवाही हुनसक्छ ।

लक्ष्मी दिदी भन्नुहुन्छ ....

२०७१ चैत्रमा सिराहाको रामपुरामा ठुलो आगोलागी भयो । त्यही आगोलागीमा धेरैको जिन्सी सम्पत्ति नाश हुँदा मोहनादेवी चौधरीले भने बचत गरी घरमै राखेको नगद १४ हजार समेत गुमाईन् । बैंकमा बचत नगरी घरमा पैसा राख्दा तिनको जिन्सी सहित ठुलो रकम आगोमा खरानी भयो । आफूलाई चाहिने थोरै नगद मात्र साथमा राखौं र बाँकी बैंक, वितीय संस्थामा जम्मा गर्ने गरौं । ब्याज पनि पाईने, सुरक्षा पनि हुने ।

फाल्गुन २०७८ — Feb/Mar 2022

आइत SUN	सोम MON	मंगल TUE	बुध WED	बिही THU	शुक्र FRI	शनि SAT
१ द्वादशी 13	२ त्रयोदशी 14	३ चतुर्दशी 15	४ पूर्णिमा 16	५ प्रतिपदा 17	६ द्वितीया 18	७ तृतीया 19
८ चतुर्थी 20	९ पञ्चमी 21	१० षष्ठी 22	११ सप्तमी 23	१२ अष्टमी 24	१३ नवमी 25	१४ दशमी 26
१५ एकादशी 27	१६ त्रयोदशी 28	१७ चतुर्दशी 1	१८ औंशी 2	१९ प्रतिपदा 3	२० द्वितीया 4	२१ तृतीया 5
२२ चतुर्थी 6	२३ पञ्चमी 7	२४ षष्ठी 8	२५ सप्तमी 9	२६ अष्टमी 10	२७ नवमी 11	२८ नवमी 12
२९ दशमी 13	३० एकादशी 14					

२ - प्रणयदिवस, ७ - प्रजातन्त्र दिवस, १७ - महाशिवरात्री, १९ - ग्याल्पो लोसार (ग्याल्पो लोसार मनाउनेहरुलाई) २४ - नारी दिवस (महिलाहरुका लागि)

समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

सौजन्य:

लक्ष्मी बैंक

जानी राखौं

बैक तथा वित्तीय संस्था हाम्रो लागि महत्वपूर्ण संस्था हो । यसको मुख्य काम भनेको हाम्रो पैसा बचतको रुपमा स्वीकार गर्ने अनि त्यही पैसा विभिन्न कामको लागि कर्जाको रुपमा आवश्यक मानिस वा संस्थालाई दिनु हो । यसको अलावा बैक तथा वित्तीय संस्थाले अनेक वित्तीय सेवाहरु प्रदान गर्दछन् ।

निम्नलिखित कुराहरूमा सदैव सचेत रहने गरौ ।

- नेपालमा बि सं. १९३६ मा तेजारथ अड्डा स्थापना भई सर्वसाधारणलाई सहुलियत ब्याज दरमा कर्जा उपलब्ध गराईन्थ्यो ।
- नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेड हो । यो वि. सं. १९९४ साल कार्तिक ३० मा स्थापना भएको हो । यसको स्थापना पछि तेजारथ अड्डाको सबै कार्य यस बैंकले गर्न थालेको थियो ।
- सदर मुलुकी खानाको स्थापना वि. सं. २००१ मा भएको हो । यसले सरकारी खाताको व्यवस्थापन गर्नुको साथै विभिन्न दरका नोटहरू निष्कासन गर्ने काम गर्थ्यो ।
- नेपाल राष्ट्र बैंक हाम्रो देशको केन्द्रीय बैंक हो । यसको स्थापना वि.सं. २०१३ बैशाख १४ मा भएको हो । यसको स्थापना पछि सदर मुलुकीखानाको काम यस संस्थाले गर्नथाल्यो । हिमालयशम्शेर जबरा पहिलो गभर्नर हुनुहुन्छ । सबै बैंक तथा वित्तीय संस्थालाई नेपाल राष्ट्र बैंकले नियमन गर्दछ ।
- नेपालमा क, ख, ग र घ गरी ४ प्रकारका बैंक तथा वित्तीय संस्थाहरू छन् । घ वर्गको संस्था अर्थात् लघुवित्त संस्थाले विशेष गरी ग्रामीण क्षेत्रमा रहेका मानिसहरूको जीवनस्तर उकास्नका लागि कर्जा प्रदान गर्ने र आफ्ना ग्राहक सदस्यहरूको बचत संकलन गर्ने गर्दछ ।
- विदेशमा गएर काम गर्ने नेपालीहरूले बर्षेनी करिब ८८० अर्ब रूपैयाँ नेपालमा पठाउछन् । त्यसरी पैसा पठाउँदा घरको दैनिक गुजारामा मद्दत त पुगेकै छ, देशको अर्थतन्त्रमा समेत ठुलो योगदान रहेकोछ ।
- नेपाल सरकारबाट प्रदान गरिने सबै किसिमका सामाजिक सुरक्षा भत्ताहरू बैंक खाताबाट मात्र भुक्तानी गर्ने गरिन्छ ।

लक्ष्मी दिदी भन्नुहुन्छ ....

नारायणघाटको विभिन्न निजी कलेजहरूमा पढाउदै आएको बिपुल सुवेदी कोरोना माहामारीको बेलामा लकडाउनको समयमा फुर्सदिला भए । फुर्सदको समयमा समयको सदुपयोग गर्दै घरबसेर गर्न मिल्ने थुप्रै कामहरू गर्न भ्याए । त्यसै क्रममा तिनले आफ्नो खाता रहेको बैंकको मोवाईल मनि एप्लीकेसन डाउनलोड गरे । युट्युव हेरेर कसरी प्रयोग गर्ने बारे पनि सिके । अहिले उनी मोवाईल मनि एप्लीकेसनको प्रयोग गरेर आफ्ना वित्तीय कार्यहरू बैंक नगई गर्न सक्ने भएका छन् । पैसा पठाउन, बिजुली, बत्तीको पैसा तिर्न, बच्चाको फि तिर्न, मोवाईल रिचार्ज गर्न, QR को प्रयोग गरी पसलहरूमा भुक्तानी गर्न सक्ने भएका छन् । प्रविधीको प्रयोगले जीवन त सजिलो बनाएकै छ, समयको पनि बचत भएको छ ।

चैत्र २०७८ — Mar/Apr 2022

आइत SUN	सोम MON	मंगल TUE	बुध WED	बिही THU	शुक्र FRI	शनि SAT
		१ द्वादशी 15	२ त्रयोदशी 16	३ चतुर्दशी 17	४ पूर्णिमा 18	५ प्रतिपदा 19
६ द्वितीया 20	७ तृतीया 21	८ चतुर्थी 22	९ षष्ठी 23	१० सप्तमी 24	११ अष्टमी 25	१२ नवमी 26
१३ दशमी 27	१४ एकादशी 28	१५ द्वादशी 29	१६ त्रयोदशी 30	१७ चतुर्दशी 31	१८ औंशी 1	१९ प्रतिपदा 2
२० द्वितीया 3	२१ तृतीया 4	२२ चतुर्थी 5	२३ पञ्चमी 6	२४ षष्ठी 7	२५ सप्तमी 8	२६ अष्टमी 9
२७ नवमी 10	२८ दशमी 11	२९ एकादशी 12	३० द्वादशी 13			

३ - फागु पूर्णिमा (पहाडी भेगमा होली), ४ - फागु पूर्णिमा (तराई भेगमा होली), १८ - घोडे जात्रा (उपत्यका बिदा), २६ - चैते दशैं, २७ - राम नवमी

समृद्धिको अभियान,
लक्ष्य, वित्तीय ज्ञान

सौजन्य:

लक्ष्मी बैंक